आज मिति २०८०।०६।२९ गते बुधवारका दिन गाउँपालिकाका अध्यक्ष श्री प्रेम बहादुर भुजेलज्यूको अध्यक्षतामा देहायका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको वैठक बसी निम्न प्रस्ताव माथि छलफल गरी निर्णय गरियो ।

आ.व.: २०८०।८१ वैठक सङ्ख्या: २२ समय : विहान ११:०० बजे स्थान: गाउँपालिका भवन

| क.सं. | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रेम बहादुर भुजेल | |
| २ | उपाध्यक्ष | श्री जितेन्द्रमान तामाङ | |
| ३ | सदस्य | श्री लेख बहादुर श्रेष्ठ | |
| ४ | सदस्य | श्री सुजन भण्डारी | |
| ५ | सदस्य | श्री ज्ञान बहादुर तामाङ | |
| ६ | सदस्य | श्री लोक बहादुर कुँवर | |
| ७ | सदस्य | श्री अञ्चल कुमार लामा | |
| ८ | सदस्य | श्री भरत बहादुर शिवभक्ती | |
| ९ | सदस्य | श्री रमेश राज खरेल | |
| १० | सदस्य | श्री मोतिलाल तामाङ | |
| ११ | सदस्य | श्री दल बहादुर तामाङ | |
| १२ | सदस्य | श्री केशरमान लामा | |
| १३ | सदस्य | श्री कल्पना पहरी | |
| १४ | सदस्य | श्री कुमारी विश्वकर्मा | |
| १५ | सदस्य | श्री चमेली परियार | |
| १६ | सदस्य | श्री शान्ती ठकुरी | |
| १७ | सदस्य | श्री सुलभ पहरी | |
| १८ | सदस्य | श्री विष्णु बहादुर पहरी | |
| १९ | सचिव | श्री विष्णु प्रसाद सुवेदी | |

सहजकर्ता कर्मचारी:

१. श्री रुपक अधिकारी

२. श्री यज्न कुमार बस्नेत

२. श्री अमर कुमार श्रीवास्तव

४. श्री विक्रम बस्नेत

५. श्री प्रकाश रावल

सहयोगी कर्मचारी:

१. श्री दिलिप कुमार भुजेल

प्रमाणित

भुम्लु गाउँकार्यपालिका बैठक    आ.व: २०८०।८१    बैठक सङ्ख्या:२२    मिति २०८० असोज २९

## प्रस्तावहरु:

१ : २१ औं बैठकको समिक्षा सम्बन्धमा ।
२ : प्राप्त परिपत्रहरुको जानकारी सम्बन्धमा ।
३ : पालिका गान, कक्षागत गीत तथा लोगो प्राप्त सम्बन्धमा ।
४ : प्रशासनिक भवन निर्माणको लागत सहभागिता सम्बन्धमा।
५ : शुभकामना सन्देश सम्बन्धमा ।
६ : ५० किलो रामपुर चण्डेनी सडकको कार्यसम्पन्न सम्बन्धमा ।
७ : आँपघाट बगरको परिमाण निर्धारण गरी बोलपत्र गर्ने सम्बन्धमा ।
८ : आर्थिक सहायता सम्बन्धमा ।
९ : विविध सम्बन्धमा ।

## निर्णयहरु:

१: गत २१औं कार्यपालिकाको बैठकमा भएका निर्णय कार्यान्वयनको सम्बन्धमा समीक्षा गरियो ।

२: संघ, प्रदेश र अन्य निकायबाट प्राप्त परिपत्र सम्बन्धमा जानकारी लिइयो ।

३: पालिका गान तथा कक्षागत गीत सम्बन्धमा हाल सम्म न्यून आवेदन प्राप्त भएकोले थप १(एक) महिनाको अवधि दिई सूचना प्रकाशन गर्ने ।

४: प्रशासनिक भवनको जग्गा प्राप्ति सम्बन्धमा देहाय बमोजिम गर्ने ।

क) प्रशासनिक भवन निर्माणको लागि लागत सहभागिताको जम्मा रकमको ४० प्रतिशत गाउँपालिकाले व्यहोर्ने गरी प्रतिवद्धता जनाउने ।

ख) प्रशासनिक भवनको लागि प्राप्त हुने जग्गा वरावरको जग्गा प्रचलित कानूनले तोके बमोजिम सट्टाभर्ना, वृक्षारोपण र व्यवस्थापन लगायत जो जे गर्नुपर्ने हो सो गर्न पूर्वप्रतिवद्धता जनाउने ।

ग) IEE/DPR प्रतिवेदन लगायत माग वमोजिमका आवश्यक कागजातहरु तयार गरी सम्वन्धित निकायमा पेश गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन गर्ने ।

५: विजयादशमी, दिपावली, छठ तथा ल्होसार पर्वको उपलक्ष्यमा देश विदेशमा रहनु भएका सम्पूर्ण भुम्लुवासीलाई हार्दिक शुभकामना व्यक्त गर्ने ।

६: ५० किलो रामपुर चण्डेनी सडकको कार्य सम्वन्धमा सम्वन्धित ठेकेदारलाई पत्राचार गर्ने ।

७: आँपघाट बगरको गिट्टी, ढुङ्गा, वालुवाको यसअघि दुई पटक वोलपत्र प्रकाशित भएकोमा कुनैपनि फर्म/कम्पनीले वोलपत्र पेश नगरेकोले समयावधिलाई हेरी सोही बमोजिम परिमाण निर्धारण गरी पुनः बोलपत्र आव्हान गरी आन्तरिक आय संकलन गर्नुपर्ने भएकोले हाल सूचना प्रकाशन गर्दा कार्तिक मसान्त महिना भित्र सम्झौता हुने समयसीमालाई आकलन गरी सोही वमोजिम IEE प्रतिवेदनमा उल्लेख भएको ९(नौ) महिनाको जम्मा परिमाण ३४७९०.४१ मध्ये ७(सात) महिना अवधिको २७०५९.२०७ परिमाण मात्र उत्खनन् हुने देखिएकोले बागमती प्रदेश सरकारवाट निर्धारण भएको दररेट बमोजिम बोलपत्र आव्हान गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन गर्ने।

८: आर्थिक सहायता प्रदान गर्ने सम्बन्धमा देहाय वमोजिम निर्णय गरियो।

यस कार्यपालिका बैठकमा देहाय बमोजिम आर्थिक निर्णय गरियो

CamScanner

भुम्लु गाउँकार्यपालिका बैठक आ.व: २०८०।८१ बैठक सङ्ख्याः२२ मिति २०८० असोज २९

| क्र.सं. | नाम र थर | ठेगाना | सहयोग रकम | कैफियत |
|---|---|---|---|---|
| १ | तिर्थ बहादुर बुढाथोकी | भुम्लु-१ | १००००/- | रुखबाट लडेर घाइते भएको र आर्थिक अवस्था कमजोर भएकाले आर्थिक सहायताको लागि सिफारिस प्राप्त भएको |
| २ | रेशम बहादुर माझी | भुम्लु-१ | ३००००/- | ढाडको रोग लागेको आर्थिक अवस्था कमजोर भएको वडाको सिफारिस |
| ३ | जय बहादुर खत्रि, हेमबहादुर वि.क. र धन बहादुर पहरी | भुम्लु-२ | विपद् बाट तारजाली प्रदान गर्ने | अविरल वर्षाका कारण घरहरु जोखिममा परेकाले आवश्यक सहयोग गर्ने |
| ४ | रत्न बहादुर तामाङ | भुम्लु-४ | जाली प्रदान गर्ने | वर्षका कारण घर जोखिममा परेको |
| ५ | कुल बहादुर बाँनिया | भुम्लु-८ | पूर्वाधारमा समन्वय गर्ने | सडक छेउमा घर भएकाले जोखिममा परेकोले घर संरक्षणको लागि सहयोग |
| ६ | समिर पहरी | भुम्लु-१० | ३००००/- | मृगौला पिडित भएको र आर्थिक अवस्था कमजोर रहेकाले सहयोग पाउँ |
| ७ | सीता माझी | भुम्लु-७ | २००००/- | आन्द्रामा समस्या भई ग्रसित |
| ८ | माईली लामा | भुम्लु-५ | १००००/- | मृगौला रोगबाट ग्रसित |
| ९ | अभिषेक भारती | भुम्लु-१ | १००००/- | आँखामा रोग लागेकोले अप्रेशनको लागि आर्थिक सहयोग माग भएको (आवश्यक कागजात पुरा भए पश्चात) |
| १० | श्रृजना गिरी | भुम्लु-१ | ५०००/- अनुमोदन गरिएको | मानसिक रोगी भएको |
| ११ | राजेन्द्र प्रसाद पराजुली | भुम्लु-५ | १५०००/- | ढुङ्गा माटो गाहोबाट निर्मित पुरानो घर वर्षाको कारण घरको पछाडि तिरको भाग भत्किएको |
| १२ | वडा नं. २ मा वदेल पिडित | भुम्लु-२ | २००००/- | वडा सचिवले पेश्की लिई खाद्यन्न वितरण गर्ने |

९: विविध

क) टोल विकास तथा सुधार समितिको लेखापरीक्षण गर्न देहाय बमोजिम फर्मलाई तोक्ने निर्णय गरियो ।

- श्री मल्लिक एण्ड कम्पनी, काठमाण्डौ-३१, काठमाण्डौ
- श्री डि. फुयाल एण्ड एसोसिएट्स, मध्यपुर-३, भक्तपुर

ख) प्रदेश सरकार मार्फत व्यवस्था हुने प्रकाश मा.वि. को बस संचालन खर्च रकम गाउँपालिकाबाट व्यहोर्ने प्रतिवद्धताको निर्णय गरियो।

ग) पालिका भित्र रहेका प्रहरी चौकीहरु प्रत्येकलाई वडा दशैमा मौला पूजा गर्नको निमित्त प्रति चौकीलाई चालू खर्चबाट रु.१९,०००/- का दरले उपलब्ध गराउने ।

CamScanner

भुम्लु गाउँकार्यपालिका बैठक आ.व: २०८०।८१ बैठक सङ्ख्या:२२ मिति २०८० असोज २९

घ) भुम्लु-५, मुलाबारी स्थायी ठेगाना भएको सुजन श्रेष्ठले पालिका लोगोको लागि पेश गरेको लोगोमा एउटा हातमा चुरा वा नङमा पालिस राखे, खाली बोट हटाउन तथा गोरु भएको भन्दा माथिल्लो ठाउँमा गुम्बा राखी संसोधन सहितको लोगो पेश गर्ने ।

ङ) दोलालघाट बनदेउ टोल विकास तथा सुधार समितिले दोलालघाट बस पार्कमा रङ्गिन छाता सेट गर्दा लागेको वास्तविक बिल भरपाई बमोजिमको रकम चालू खर्चबाट भुक्तानी दिने ।

च) पाँचखाल नगरपालिका सिमाना धुन्द्रेखोला हुँदै बुढाथोकी डाँडा र पिपल डाँडा देखि स्वास्थ्य चौकी हुदै जाने मोटर बाटो संचालन गर्ने सम्बन्धमा जग्गाधनी दिलमाया तामाङ समेत ७ जना भएको जग्गामा दायाँबायाँ उद्योग व्यवसाय संचालन गरी आवतजावतमा सहजीकरण गर्ने सम्वन्धमा सहमति प्रदान गर्ने विषयलाई कार्यपालिकाले अनुमोदन गर्ने निर्णय गरियो ।

छ) वर्षा पछि भत्के विग्रेको बाटो सरसफाइ गरी आवतजावतलाई सहजीकरण गर्न प्रतिस्पर्धा गरी ब्याक हो लोडरलाई काममा लगाउने ।

ज) जन आर्दश निर्माण सेवाले आ.व.०७९/८० मा जनता मावि भवन संरचना तथा ग्याविनजाली निर्माणको कार्यको लागि राखेको धरौटी वापतको रकम निजले निर्माण गरेको संरचना त्रुटि भई नसच्चाएको हुँदा यस कार्यालयमा राखेको ५ प्रतिशतको रकम फिर्ता नगर्ने ।

झ) चाखोला देखि कुन्तावेशी जोड्ने सडक खण्डमा एपेक्स त्रिवेणी जेभी ले सम्झौता गरी कार्य अघि वढाएकोमा क्रसर उद्योगमा आवतजावत गर्ने कार्यमा वाधा उत्पन्न भई निवेदन पर्न आएकोले बैकल्पिक मार्गको आवश्यक जे जो गर्नुपर्ने हो सो आवश्यक समन्वय गर्ने ।

ञ) पर्यटन गुरुयोजनाको अन्तिम प्रतिवेदन स्वीकृत गरी नियमानुसार भुक्तानी प्रकृया अघि वढाउने।

ट) वडाबाट आवश्यक पर्ने योजनाहरु संसोधन गरी आगामि गाउँसभामा अनुमोदन गर्ने गरी पेश गर्ने।

ठ) नागरिक आरोग्य केन्द्रमा सेवा लिन आउने जेष्ठ नागरिकलाई निःशुल्क र अन्यलाई रु.३००/- शुल्क निर्धारण गर्ने।

ड) वनटोल कात्तिके जाने सडक स्तरोन्नति गर्ने कार्यमा यस अघि निर्माण व्यवसायीलाई ताकेता गर्दा समेत कार्यसम्पन्न नगरेको हुनाले निजको ठेक्का रद्द गर्ने प्रकृया आगाडि बढाई बाँकी कामको मूल्याङ्कन तथा लागत स्टिमेट तयार गरी टोल विकास तथा सुधार समितिबाट काम लगाउने।